नेपाल सरकार
शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय
# शिक्षा तथा मानव स्रोत विकास केन्द्र
समावेशी शिक्षा शाखा
सानोठिमी, भक्तपुर

प.सं.:- २०७८/०७९
च.नं. ३६

फोन :
फ्याक्स : ०१–६६३१९७२

मिति :२०७८/१२/०४

श्री सामुदायिक विद्यालयहरु ।

**विषय: विपन्न लक्षित छात्रवृत्ति भर्ने भराउने सम्बन्धमा**

आ.व. २०७८/७९ मा सामुदायिक विद्यालयका माध्यमिक तह (कक्षा ९-१२) मा अध्ययनरत विद्यार्थीहरुलाई विपन्न लक्षित छात्रवृत्ति दिने प्रयोजनका लागि कक्षा ८ र १० मा अध्ययनरत विद्यार्थीहरुले PMT (Proxy Means Testing) फाराम भर्न तथा सम्बन्धित विद्यालयहरुले भराउन मिति २०७८/११/०१ गतेको गोरखापत्रमा सूचना प्रकाशित गरिएको छ । सो अनुरुप PMT फाराम भरेका र फाराम भर्न बाँकी विद्यार्थी तथा विद्यालयहरुले देहायबमोजिम गर्नु गराउनुहुन निर्णयानुसार अनुरोध छ ।

मनुजा बराल
शाखा अधिकृत

१. शिक्षा तथा मानव स्रोत विकास केन्द्रको website www.cehrd.gov.np वा https://iemis.cehrd.gov.np मा log in गरी PMT Template मा गई विद्यालयले PMT फाराम डाउनलोड गर्ने र विपन्न लक्षित छात्रवृत्ति कार्यान्वयन मापदण्ड, २०७८ को प्रक्रिया पुर्‍याई फाराम भर्ने भराउने ।

२. प्राप्त PMT फारामहरुमा भएका सबै विद्यार्थी विवरण सम्बन्धित विद्यालयले उक्त PMT Template मा अनलाइन प्रविष्टि गर्ने ।

३. विद्यालयले अनलाइन प्रविष्टि गर्न तल उल्लिखित प्रक्रिया पूरा गर्नुपर्नेछ ।

(क) Excel (PMT Template) प्राप्त गर्न Web based IEMIS मा जाने । सो को लागि https://iemis.cehrd.gov.np मा गई आफ्नो विद्यालयको कोड र पासवर्ड राखी लग इन गर्ने ।

(ख) PMT मा गई Export मा क्लिक गर्ने र आफनो विद्यालयको PMT Template गर्ने ।

(ग) School Level IEMIS मा जस्तै गरी macro enable गर्नुपर्ने र सो Template को शुरुमा भएको Buttons मा विवरण इन्ट्री गर्ने तरिकामा भनिएअनुसार विवरण भर्नु भराउनु पर्ने ।

(घ) कक्षा ८ र १० को एउटै Template मा विवरण प्रविष्टि गराउने ।

(ङ) विवरण प्रविष्टि र रुजुपश्चात अनलाइनमा अपलोड गर्न विद्यालयले https://iemis.cehrd.gov.np मा गई लग इन गर्ने, profile मा जाने, प्रोफाइलमा भएको सबै विवरण सुनिश्चित गर्ने (SEE कोड र SLCE कोड सहित) अपडेट मा क्लिक गर्ने र Type मा PMT सेलेक्ट गरेर आफनो PMT Template अपलोड गर्ने ।

**पुनश्च : PMT फाराम चैत्र १ देखि चैत्र ३० गतेभित्र अपलोड गर्नुपर्नेछ । निर्धारित म्यादभन्दा पछि अपलोड भएका फारामहरु मान्य हुने छैनन् ।**